# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १७ असार २०७९
# शुक्रवार
# बैठक सङ्ख्या- ३१

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

माननीय भैरव सुन्दर श्रेष्ठ एकदम सङ्क्षेपमा आफ्नो भनाइ राख्नू ।

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्षज्यू, यो आजको दैनिक कार्यसूचीमा माननीय अर्थमन्त्रीज्यूले यो कदेखि चसम्म विभिन्न शीर्षकमाथि प्रस्ताव चाहिँ गर्नुहुने जुन प्रस्ताव चाहिँ राखिएको जुन छ । हामीले यसभन्दा पहिले पनि यो

कुनै हामी रहरले र केबल आरोपको लागि आरोप लाउनुको निम्ति हामीले सदनमा जुन अवरोध चाहिँ गरेका चाहिँ छैनौं । अथवा विरोध जनाएका चाहिँ छैनौं ।

माननीय अर्थमन्त्रीज्यूले बजेट निर्माणजस्ता कुरामाथि अत्यन्तै संवेदनशील विषय जुन चाहिँ यही २०७९ साल जेठ १४ गतेको साँझ राती ८ बजेदेखि १२ बजेसम्म अर्थ मन्त्रालयमा बजेट निर्माण गर्ने सवालमा बजेट महाशाखामा चाहिँ बाहिरको व्यक्ति अनाधीकृत व्यक्तिलाई चाहिँ अर्थ मन्त्रालयमा प्रवेश गराएर करका दायरहरूलाई, राजस्वका दायरहरूलाई दायरहरूलाई जुन दल रेट निर्धारण गरिन्छ । त्यसमा चाहिने गम्भीर त्रुटि गर्नुभा'को चाहिँ छ । त्यो अर्थ मन्त्रालयमा कुनै पनि व्यक्त त्यहाँ जान चाहिँ पाउँदैन निश्चित व्यक्तहरू मात्रै जाने अहिलेसम्मको परम्परा र हामीले त्यही मान्दै आएको त्यही पनि हो । त्यहाँ माननीय सांसद समेतलाई पनि प्रवेश निषेध गरिएको चाहिँ हुन्छ । त्यस्तो चाहिँ बजेट निर्माण सवालमा चाहिँ अर्थमन्त्रीको जे खालको त्यहाँ चाहिने व्यवहार गर्नु चाहिँ भो' त्यो देशको लागि अत्यन्तै घातक कुरा चाहिँ हो देशद्रोही कुरा चाहिँ हो । यदि अरू मुलुकमा यो कुरा चाहिँ हुन्थ्यो भने अरू मुलुकमा त्यस्तै खाल्को चाहिँ अर्थमन्त्रीबाट व्यवहार हुन्थ्यो भने अहिलेसम्म अर्थमन्त्रीले आफ्नो पदबाट राजीनामा दिइसकेको र कानुनीबमोजिम कटकरामा उभिनुपर्ने अवस्था हुन्थ्यो । हामीले बारम्बार सदनमा यही विषयलाई लिएर चाहिँ पटक पटक कुरा उठाएका थियौं तर पनि अर्थमन्त्रीज्यूले नैतिकताका आधारबाट राजीनामा दिनुभएको चाहिँ छैन ।

संसदीय छानबिन समिति बनाइयोस् माग पनि राखियो हामीले राख्यौं तर पनि संसदीय छानबिन समिति बनाउन पनि वाहाँले आँट गर्नुभएन अथवा अहिलेको चाहिँ सरकारको नेतृत्व गर्नुभएका परारादेशी सरकारका प्रधानमन्त्रीज्यू शेर बहादुर देउवाज्यूले पनि त्यसप्रति चाहिँ कुनै चासो देखाउनुभएन । यसले गर्दाखेरि हामी यो अर्थमन्त्रीज्यूले पेस गरिरहेको यो प्रस्तावउपर हामी सामेल नहुने ने.क.पा. एमालेको संसदीय दलको चाहिँ निर्णय चाहिँ भएको कारणले गर्दाखेरि हामी आजको यो बैठकबाट जबसम्म अर्थमन्त्रीज्यूको चाहिँ राजीनामा आउँदैन । तबसम्म हामी वाहाँले प्रस्तुत गर्ने कुनै पनि कार्यक्रममा सहभागी नहुने हाम्रो पार्टी अथवा हाम्रो दलको निर्णय भ'कोले म यही कुरा जनाकारी गराउँदै, यो प्रस्ताव नम्बर एकमा चाहिँ हामी सामेल नहुनका निम्ति र बहिष्कार गरेको हामी बाहिर जाँदैछौं । यही कुरा चाहिँ राख्न चाहन्छु । धन्यवाद ।

(नेपाल कम्युनिष्ट पार्टी, एमालेका सांसदहरूले बैठक स्थल छोड्नुभएको)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय अर्थमन्त्री आफ्नो प्रस्ताव पेस गर्नू ।

**<u>माननीय अर्थमन्त्री श्री जनार्दन शार्मा</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र सुझावसहितको कुनै पनि सूचना पेस नभएको बेहोरा जानकारी गराउँछु । अब उक्त विधेयकको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका

सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९

माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३८ सम्म सोसँग सम्बन्धित अनुसूची- १ देखि ४ सम्म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०७९ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरू "हुन्छ" भनुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "नहुन्छ" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यको बहुमत भएकोले विधेयकको दफा २ देखि ३८ सम्म र सोसँग सम्बन्धित अनुसूची-१ देखि ४ सम्म बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०७९ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**ः नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासनसम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, २१, २३, २४, २५, २६, २७, २८, २९, ३३, ३४ र ३६ तुरुन्त प्रारम्भ

हुनेछन् । र अन्य दफाहरू संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन् ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०७९ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्दहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०७९ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय अर्थमन्त्री जनार्दन शार्मालाई राष्ट्रिय सभा नियमावली २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "आर्थिक विधेयक, २०७९ लाई मूल रूपमै सुझाव दिन पारित गरी प्रतिनिधि सभामा फिर्ता पढाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**-ः माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । "आर्थिक विधेयक, २०७९ लाई मूल रूपमै सुझाव दिन पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "आर्थिक विधेयक, २०७९ लाई मूल रूपमै सुझाव दिन पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमितले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरू बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र सुझावसहित कुनै पनि सूचना पेस नभएको बेहोरा जानकारी गराउँछु ।

अब उक्त विधेयकको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०७९ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण प्राप्त उठाउने विधेयक, २०७९ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना**ः आर्थिक वर्ष २०७९/८० को निमित्त नेपाल सरकारको अर्थसम्बन्धी प्रास्तवलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउनेसम्बन्धी कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउन ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन, संवत् २०७९ साल साउन एक गतेदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०७९ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०७९ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय अर्थमन्त्री जनार्दन शर्मालाई राष्ट्र सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ लाई मूल रूपमै सुझाबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ पारित गरी प्रतिनिधि सभामा फिर्ता गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ! यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ लाई मूल रूपमै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थमन्त्री श्री जनार्दन शर्माः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ । यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र सुझावसहितको कुनै पनि सूचना पेस नभएको बेहोरा जानकारी गराउँछु । अब उक्त विधेयकको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९" को अङ्ग बनोस् भन्नी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>**: ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "ऋण तथा जमानत (पच्चिसौं संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन, संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्ताव र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्ताव र नाम बहुमतले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब माननीय अर्थमन्त्री जनार्दन शर्मालाई राष्ट्रिय सभा नियामवली, २०७५ को नियम १३२ को उपनियम (१०७) बमोजिम "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ लाई मूल रूपमै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ लाई पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ लाई मूल रूपमै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "ऋण तथा जमानत (पच्चिसौं संशोधन) विधेयक, २०७९ लाई मूल रूपमै सुझावबिना पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथि सदनमा दफावार छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भवानी प्रसाद खापुङ</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङले पेस गर्नुभएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" माथिको दफावार छलफल सुरु हुन्छ । यस विधेयकमा तीन जना माननीय सदस्यहरूबाट एउटा दफासँग सम्बन्धित संयुक्त संशोधन प्रस्तावसहित तीनओटा संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु ।

(नेपाल कम्युनिष्ट पीर्टी, एमालेका माननीय सांसदहरू बैठक स्थल प्रवेश गरी आआफ्नो स्थानमा बस्नुभएको)

उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने माननीय संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूले आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । सर्वप्रथम संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, यो औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ मा दफावार छलफल भई अनि फेरि यो समितिमा पनि आएको थियो । यसमा अलिकति यो धेरै कुराहरू त ठिकै छ । यो औषधी विधेयकमा चाहिँ यसको खास चाहिँ कुरा यसमा चाहिँ कुनै पनि क्लिनिकल ट्रायल गर्दाखेरि त्यो आपतकालीन रूपमा खोपको प्रयोगहरू गर्न सकिने र अरू औषधीहरूको पनि प्रयोग गर्न सकिने परीक्षण पनि गर्न दिने नेपालमा औषधीहरू ट्रायल गर्न दिने भन्ने कुरालाई थप संशोधन गरेर ल्याइएको थियो । त्यसलाई अझ समृद्ध र अझ राम्रो बनाउनलाई मैले एउटा मानव अधिकारको प्रोस्पेक्टिभबाट पनि हेर्दाखेरि त्यसरी चाहिँ त्यो सिलसिलामा चाहिँ कुनै पनि क्लिनिकल ट्रायल गर्दा वा कुनै पनि व्यक्तिमा औषधीको प्रयोग गर्दाखेरि चाहिँ खोपको प्रयोग गर्दाखेरि नकारात्मक असर पर्‍यो र निजको शरिरिक वा मानसिक अवस्थामा फरक पर्‍यो । अथवा उसको अङ्गभङ्ग भयो अथवा मृत्यु भएमा उचित क्षतिपूर्ति दिन आवश्यक छ । यो मानव अधिकारका दृष्टिले पनि भनेर मैले त्यो दफा चाहिँ संशोधनका लागि दर्ता गरेको थिएँ । मैले आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. बेदुराम भुसाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो औषधी तेस्रो संशोधन विधेयकमा मैले पनि उक्त संशोधन राखेको छु । मभन्दा पहिले बल्नुहुने माननीयजीको संशोधनसँग मेरो संशोधन पनि मिल्दो जुल्दो खालकै छ । खास गरीकन यो औषधीको परीक्षण गर्दाखेरि कसैलाई हानी नोक्सानी पुग्यो भने जीवनको पनि क्षति हुन सक्छ औषधीको परीक्षण गर्ने सन्दर्भमा त्यसो भएको हुनाले यदि कुनै पनि किसिमको हानी नोक्सानी भयो भने क्षतिपूर्ति दिने व्यवस्था गर्नुपर्छ भन्ने मेरो एउटा संशोधन छ । अर्को यो परीक्षण गर्दाखेरि विदेशी संस्थाहरूलाई परीक्षण गर्न दिने भन्ने एउटा यो दफा रखिएको छ । दफा ३ को उपदफा (२) मा त्यो उपदफा (१) ले नै समेटिसकेको हुनाले उपदफा (२) को आवश्यकता पर्दैन भनेर मैले यसमा संशोधन राखेको छु र यो संशोधन उपयुक्त भएको हुनाले यसलाई सरकारले स्वीकार गरोस् भन्ने अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म (तेस्रो संशोधन) विधेयक, २०७९ को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" माथिको दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम याहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**मानननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भवानी प्रसाद खापुङः**- सम्माननीय सभामुख महोदय, यो औषधी ऐन, २०३५ लाई संशोधन गर्न बनेको विधेयकमा माननीय सदस्यज्यूहरूले दफावार छलफलमा जुन कुरा उठाउनुभा' छ । त्यसमा म कलिकति पार्ने अनुमति चाहन्छु । खास गरी विश्वभारि कोभिड-१९ फैलिएको र त्यो महामारीलाई रोकथाम गर्न नियन्त्रण गर्न त्यसको निर्मुल गर्न विभिन्न मुलुकले खोपको सफल परीक्षण भइरहेको सन्दर्भमा विश्व स्वास्थ्य सङ्गठनले सूचीकृत भएका त्यस्तै सम्बन्धित मुलुकको औषधी नियमक निकायले चाहिँ दर्ता गरेका र त्यस्ता नियमक निकायले आपतकालीन प्रयोगको चाहिँ अनुमतिसमेत प्रदान गरेका औषधीलाई खोपलाई नेपालमा दर्ता गरी सो औषधी वा खोपलाई आपतकालीन प्रयोगको लागि अनुमति दिने प्रयोजनको लागि यो ऐन ल्याइएको छ । र जुन यहाँ संशोधनकर्ता माननीयज्यूले समेत कुरा राखुभएको छ ।

म सभाअध्यक्ष महोदयमार्फत के कुरा राख्न चाहन्छु भने । विश्व स्वास्थ्य सङ्गठनले दर्ता नगरेका अथवा विश्व स्वास्थ्य सङ्गठनले चाहिँ अनुमित नदिएका कुनै पनि खोपहरूलाई आपतकालीन रूपमा प्रयोग गरिँदैन । त्यस्तै सम्बन्धित मुलुकले चाहिँ परीक्षण गरी त्यो मुलुकमा त्यो निकायमा चाहिँ औषधी नियमक निकायले चाहिँ दर्ता गरेकाहरूलाई मात्रै गरिने भ'को हुनाले यसबाट चाहिँ त्यस्तो चाहिँ क्षति हुन्छ भन्ने किसिमको त्यस्तो त्रास लिन नपर्ने कुरा म यहाँहरूका बिचमा राख्न चाहन्छु । र संशोधनकर्ता माननीय सदस्यज्यूहरूलाई सम्माननीय अध्यक्ष महोदयमार्फत आफ्नो संशोधन फिर्ता लिइदिनुहुन हार्दिक आग्रह गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" प्रस्ताव माथिको छलफल याहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब म "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेस गर्नुहुने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय

प्रकाश पन्थलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अस्ति माननीय मन्त्रीज्यूसित पनि छलफल मन्त्रालयमै पनि भ'को थियो । त्यो छलफलमा चाहिँ यसलाई हामी यो अनुमति दिँदाखेरि नै सार्तमै, सार्तमा नै यो कुराहरू उल्लेख गर्छौं भन्ने कुरा पनि आएको थियो र पछि केही नेपाल ऐनमा पनि हामी उल्लेख गर्छौं भन्ने कुरा थियो र नियमावलीमा पनि व्यवस्था गर्न सकिने कुरा उल्लेख गर्नुभा'को थियो । त्यो कारणले त्यहाँ उल्लेख गर्ने गरी अहिले हाललाई चाहिँ फिर्ता लिन चाहन्छु ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थले "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" को दफा ३ का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. बेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीज्यूसँग पहिला पनि भएको कुराकानी र अहिले मन्त्रीज्यूले राखुभएको धारणाले हाम्रो चासोलाई केही न केही सम्बोधन गर्न खोजेको देखेको हुँदा अहिलेलाई म मेरो संशोधन फिर्ता ल्याउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. बेदुराम भुसालले औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ को दफा ३ को उपदफा (१)

र (२) का सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ४ सम्मका दफाहरू "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ४ सम्मका दफाहरू सर्वसम्मतिले "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>**प्रस्तावना**</u>ः औषधी ऐन, २०३५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

सघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u>ः (१) यस ऐनको नाम "औषधी (तेस्रो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, "औषधी तेस्रो (संशोधन विधेयक), २०७९" को प्रस्तावना र नाम विधेयकको अङ्ग बनोस् बनाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भवानी प्रसाद खापुङः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङले प्रस्तुत गर्नुभएको "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "औषधी (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक,

२०७९ माथि सदनमा दफावार छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

<u>**माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भवानी प्रसाद खापुङ**</u>ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङले पेस गर्नुभएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथिको दफावार छलफल सुरु हुन्छ ।

यस विधेयकमा छ जना माननीय सदस्यहरूबाट ६ ओटा दफासँग सम्बन्धित संयुक्त संशोधन प्रस्तावसहित ९ ओटा संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु ।

सर्वप्रथम संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

<u>**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**</u>ः- सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ संसदमा आएको छ । यसमा विशेष गरेर स्वास्थ्यकर्मीहरूको सुरक्षा गर्ने र त्यस सँगसँगै स्वास्थ्य संस्थाहरूको पनि सुरक्षा कुराहरूलाई अहिले बढी फोकस गरेर चाहिँ यो विधेयकमा आएको हामीले भेट्छौं र हाम्रो समूहबाट चाहिँ यसमा संशोधन के थियो भन्दाखेरि यसमा अरू सबै स्वास्थ्यकर्मीको सबै कुरा किटानीसाथ लेखिएको र अनि स्वास्थ्य संस्थाहरू, अस्पताललगायत स्वास्थ्य केन्द्र सबै कुराहरू स्पष्ट लेखिएको छ । सुरक्षा गर्न पर्ने निकाय भनेर सुरक्षा गर्न

पर्ने संस्था व्यक्ति भनेर तर यो एम्बुलेन्स सेवा अनि शव वाहन सेवाहरू पनि स्वास्थ्यभित्रै पर्छ होला । यस एम्बुलेन्स्हरू अवरोध हुने आक्रमण हुने कुराहरू ठाउँ ठाउँमा भ'कै त्यही भएर यस्ता चिजहरूलाई पनि सुरक्षा गरियोस् भएर चाहिँ हामीले संशोधन प्रस्ताव राखेका थियौं । मैले यो संशोधन प्रस्ताव याहाँ पेस गरेको छु ।

यसै गरी अर्को दफामा के थियो भन्दाखेरि, यसै गरी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीमाथि आक्रमण भयो अथवा सुरक्षा चुनैती देखियो भने त्यस्तो विषयमा चाहिँ फेरि अनुसन्धान गर्न सकिनेदेखि लिएर छानबिन गर्नेलगायत थुप्रै लामो प्रोसेस थियो । त्यो कारबाहीको लागि त्यो चाहिँ लामो लामो प्रोसेस्हरू थियो । त्यसलाई चाहिँ अलि छोट्याएर हामी काहाँ अरू प्रचलित ऐन कानुनहरू पनि छ । त्यसलाई सिधै सरकारवादी मुद्दा हुने गरी चाहिँ त्यसलाई राख्यो भने चाहिँ यो छोटो पनि हुन सक्छ । र फेरि यसलाई सरकारले नै अनुसन्धान गर्छ, प्रहरीबाट पनि हुन्छ । अरू छुट्टै चाहिन्न भन्ने तरिकाले यो हामीकहाँ दुईओटा संशोधनहरू छ । हाम्रो संशोधन प्रस्ताव हाम्रो तर्फबाट यो संशोधन स्वीकार गरियोस् भनेर म माननीय मन्त्रीलाई अध्यक्ष महोदयमार्फत अनुरोध गर्दछु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसाललाई संशोधन प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" मा मैले तीन ओटा दफामा संशोधन राखेको छु । पहिलो दफा ३ मा स्वास्थ्यसित सम्बन्धित विभिन्न संस्थाहरूको स्वास्थ्यकर्मीहरूको सुरक्षाको जुन व्यवस्था गरिएको छ । त्यसमा एम्बुलेन्स र शव वाहनलाई छुट्याइएको छ । यी दुवै साधनहरू वास्तवमा स्वास्थ्य सुरक्षाको हिसाबले स्वास्थ्यकर्मीहरूको सुरक्षाको हिसाबले अत्यन्त महत्त्वपूर्ण साधनहरू हुन् र यिनीहरूमाथि हुने क्षतिलाई पनि रोक्नुपर्दछ भनेर मैले यो संशोधन राखेको छु, भने अर्को मेरो संशोधन दफा १३ मा रहेको छ । यसका विभिन्न ठाउँमा विभिन्न स्थानमा लेखिएका सजायका दर सम्बन्धमा परिवर्तन गर्नुपर्छ भन्ने मेरो

संशोधन छ । भने दफा १६ मा यो मुद्दा हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिएको छ । यो ऐनले यो स्वास्थ्य सुरक्षासम्बन्धी जति पनि सजाय गर्नुपर्ने जनि पनि मुद्दा हेर्नुपर्ने हो । त्यो हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारलाई दिएको छ । मैले चाहिँ यो अधिकार प्रमुख जिल्ला अधिकारीलाई होइन सम्बन्धित जिल्ला अदालतलाई हुनुपर्छ भनेर संशोधन हालेको छु । यो वास्तवमा आवश्यक छ । यसमा धेरै व्याख्या गरिरखुपर्छ जस्तो मलाई लाग्दैन ।

एम्बुलेन्स् र शव वाहनको सुरक्षा गर्नुपर्ने त्यतैकै आवश्यक हो जति स्वास्थ्य संस्थाहरूको सुरक्षा गर्नुपर्छ । स्वास्थ्यकर्मीहरूको सुरक्षा गर्नुपर्छ । त्यसै गरीकन सजायका जुन दरहरू छन् ती चाहिँ मिलेका छैनन् । त्यसकारणले मिलाउनुपर्छ भन्ने हो । र यो मुद्दा चाहिँ प्रमुख जिल्ला अधिकारीलाई हेर्नेभन्दा जिल्ला अदालतलाई, न्यायाधीशलाई दिनुपर्छ भन्ने संशोधनहरू उपयुक्त छन् भन्ने मलाई अहिले पनि लाग्छ र त्यसो भएको हुनाले म चाहिँ अध्यक्ष महोदयमार्फत सरकारलाई यी संशोधनहरू स्वीकार गरेर यो विधेयक पास गरियोस् भन्ने अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय गंगा कुमारी बेलबासेलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, "स्वास्थ्यकर्मी तथा स्वास्थ्यकर्मीको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" मा हाम्रो मलगायत अरू दुई जना माननीयज्यूहरूको संशोधन दफा ३, दफा ४, दफा ३ मा (च) मा र दफा ५ मा दफा १२ मा गरेर चारओटा संशोधन छन् । मेरो दफा ३ को संशोधन यस खण्डमा रहेको "वा शारिरिक रूपमा चोटपटक पुऱ्याउने" भन्ने शब्द चाहिँ त्योभन्दा अगाडि कै शब्दले क्लियार गर्ने भएको हुनाले त्यसलाई झिक्नुपर्छ भन्ने छ । सम्भवतः झिक्न यो सजिलो पनि होला र छलफल गर्दै जाउँला ।

अर्को धम्की दिन गाली गलोच गर्न भन्ने यहाँ भाषा चाहिँ अलि सरल भएको छैन । त्यो अनावश्यक शब्दहरू हटाएर धम्की गाली गलोच अभद्र र अपमानजनक भन्ने शब्दहरू राख्नुपर्छ भन्ने मैले संशोधन राखेको छु । दफा ५ मा सुरक्षा समन्वय समिति निकै ठुलो तेह्र जनाको छ । यो इमर्जेनसी कामको लागि बनेको विधेयक भ'को हुनाले यस्तो बेलामा त्यति ठुलो चाहिँ समन्वय समितिले काम गर्न अप्ठेरो हुन्छ । यसलाई बढीमा सात जना भन्न खेजेको हो । तर मैले चाहिँ यहाँ सङ्ख्या नतोकेर र सानो बनाइयोस् । चुस्त दुरुस्त बनाइयोस् भनेर मैले राखेको छु ।

र अर्को संशोधन मेरो दफा १२ मा छ यसमा जरिबानाको कुरा अपराध भइसकेपछि घटना घटिसकेपछि जरिबानाको कुरा छ यो जरिबानाको कुरा आपतकालीन आवेशमा आएर हुने घटना जस्तो हिजा कोभिडको बेलामा भएका घटनाहरूलाई लक्षित गरेर बनाइएको भएर आवेशमा आएका घटनाहरूमा यति लामो चाहिँ कारवाही र जरिबाना चाहिँ बढी हुन्छ भनेर मैले यसलाई घटाउनको लागि यहाँ भएको व्यवस्थामा घटाएर मैले भन्न खोजेको छु । माथिको सट्टामा ६ महिनादेखि १ वर्षसम्म कैद वा पचास हजारदेखि १ लाखसम्म जरिबाना वा दुवै सजाय हुने छ भन्ने शब्द राख्नुपर्छ भन्ने छ सम्भवतः यो संशोधन मन्त्रीज्यूले मान्नुहुने छ र संशोधन हुने छ । भन्ने विश्वास राख्दै मेरो भनाइ यहीं अन्त्य गर्छु । हास् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गरिइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन अन्य माननीय सदस्यहरूबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई दफावार छलफलमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूले प्रस्तुत गर्नुभएका संशोधन प्रस्तावहरूका सम्बन्धमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>**माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भवानी प्रसाद खापुङ**</u>ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७९ लाई प्रतिस्थापन गर्न बनेको विधेयकको दफावार छलफलका सम्बन्धमा माननीय सदस्यहरूले उठाउनुभएका विषयहरू र राख्नुभएका संशोधन प्रस्तावको बारेमा म आफ्नो धारणा यहाँ राख्न अनुमति चाहन्छु । खास गरी स्वास्थ्य संस्थाभित्र स्वास्थ्यकर्मीहरूले आफ्नो कर्तव्य निर्वाह गर्ने सवालमा विगतका दिनमा विभिन्न आकस्मिक घटनाहरू पनि घटेका छन् र स्वास्थ्य संस्थाभित्र विभिन्न किसिमका तोडफोड हुने, सम्पत्तिको क्षति हुने त्यस्तै गरेर स्वास्थ्यकर्मीमाथि हातपात हुने जस्ता घटनाहरू पनि घटेको हुनाले त्यसलाई न्यूनीकरण गर्नको लागि यो विधेयक ल्याइएको छ र जाहाँसम्म यसलाई यो एम्बुलेन्स सेवा शव वाहनलाई पनि स्वास्थ्य संस्था सरह नै राखिनुपर्छ भन्ने माननीय सदस्यज्यूहरूको समेत जुन संशोधनसहितको चाहिँ आधरणासमेत यहाँ आएको छ ।

त्यस्तै गरेर चाहिँ प्रक्रिया अलिक लामो भयो सुरक्षा समिति ठुलो भयो भनेरसमेत माननीयज्यूको धारणा संशोधन रहेको छ । म यसलाई के कुरा यहाँ निवेदन गर्न चाहन्छु भने पछि आगामी दिनमा नेपाल ऐन संशोधनमार्फत पनि माननीयज्यूले उठाएका विषयहरूलाई समावेश गर्न सकिन्छ । त्यसै गरेर नियमावलीसमेत निर्माण हुन्छ त्यसमा पनि यसलाई समेट्न सकिन्छ । त्यसो भएको हुनाले यहाँहरूका जुन संशोधन प्रस्ताव छन् । याहाँहरूले जुन संशोधन प्रस्ताव छन् याहाँहरूले जुन चाहिँ आफ्नो धारणा राख्नुभएको छ । त्यसलाई आगामी दिनमा क्रमशः नेपाल ऐनमार्फत सच्याउँदै जाने नियमावलीअनुसार याहाँहरूका धारणाहरूलाई समेट्दै जाने गरी । यो संशोधन प्रस्ताव फिर्ता लिएर पास गर्न सहयोग गरिदिनुहुन म हार्दिकतापूर्वक आग्रह गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब म स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूबाट यसलाई भोलि काहीँ न काहीँ समेट्ने कमिट्मेन्ट पनि आ'को हुनाले र यो प्रतिस्थापन विधेयक छ छिटो पनि पास गर्नुपर्ने भएको हुनाले हाललाई हाम्रो समूहको तर्फबाट यो संशोधन प्रस्ताव फिर्ता लिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" को दफा २ र १३ का विभिन्न उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. बेदुराम भुसाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूले यो केही नेपाल ऐनमा संशोधन गरेर विषयहरूलाई मिलाउन सकिने र नियमावलीमा व्यवस्थापन गर्न सकिने अथवा नियमावलीमा

व्यवस्था गरेर यी संशोधनमा आएका विषयहरूलाई सम्बोधन गर्न सकिए भन्ने प्रतिबद्धता जाहेर गर्नुभएको हुनाले म अहिलेलाई मेरा संशोधनहरू फिर्ता लिन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. बेदुराम भुसालले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो सांशोधन) विधेयक, २०७९" को दफा ३, १३ र १६ का विभिन्न उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय गंगा कुमारी बेलबासेलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी एक दुई चरण बसेर मन्त्रीज्यूसँग छलफल पनि भयो र अहिले यो छिटो पास गर्न पर्ने र यसलाई अरू नियमावली र ऐनमा चाहिँ संशोधन मिलाएर लान सकिन्छ भन्ने कुरा वाहाँले राख्नुभ'को हुनाले वाहाँको जवाफ चित्त बुझेकोकारणले म आफ्नो र लगायतका माननीयज्यूहरूको संशोधन फिर्ता लिन चाहन्छु ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय गंगा कुमारी बेलबासेले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ को दफा ३, ५ र १२ का विभिन्न उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि १७ सम्मका दफाहरू "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसार्थ विधेयकको दफा २ देखि १७ सम्मका दफाहरू सर्वसम्मतिले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**<u>प्रस्तावना</u>**ः स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसार्थ "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री भवानी प्रसाद खापुङ**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसार्थ "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवलाई "रेल्वे विधेयक, २०७९ माथि सदनमा दफावार छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादव**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षको अनुमतिले "रेल्वे विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यावदले पेस गर्नुभएको "रेल्वे विधेयक, २०७९" माथिको दफावार छलफल सुरु हुन्छ । यस विधेयकमा ९ जना माननीय सदस्यहरूबाट प्रस्तावना र सोह्रओटा दफासँग सम्बन्धित संयुक्त संशोधन प्रस्तावसहित तेइसओटा संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । सर्वप्रथम संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ को सन्दर्भमा हामीले संशोधन हालेका थियौं । यसमा हाम्रो चाहिँ राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा निकै लामो छलफल भएर प्रतिवेदनसमेत तयार पारेर त्यतैबेला प्रतिवेदन बुझाइसकेको तर सरकारले विविध कारणले गर्दा त्यो विधेयक चाहिँ फिर्ता लिएर फेरि त्यसलाई चाहिँ अध्यादेशको रूपमा जारी गरेको र त्यो अध्यादेशमा र त्यसपछाडि पनि त्यो जुन अध्यादेशको समय सकिएपछि जुन विधेयक प्रस्तुत भयो त्यो विधेयकमा चाहिँ केही कुराहरू चाहिँ फेरि छुटेको देखियो । त्यसकारणले गर्दाखेरि हामीले केही संशोधन हालेका छौं र यहाँ हामीले नेपाल रेल्वे विधेयक भनेर त्यो थप्ने कुरा गर्या छौं । त्यसै गरेर त्यो मन्त्रालयको रूपमा

हर्ने हो भने मन्त्रालय चाहिँ नेपालमा कहिले मन्त्रालय फुट्ने कहिले मन्त्रालय फेरि मर्जिङ हुने यस्तो क्रम भइरहेको हुँदाखेरि चाहिँ मन्त्रालयको नाम र त्यो रेल्वे हेर्ने मन्त्रीको विषयमा चाहिँ हामीले रेल्वे हेर्ने मन्त्री वा मन्त्रालय भनेर हामीले संशोधन गर्या छौं, हाल्या छौं ।

त्यसै गरेर हामीले यो रेल्वे चलाउने व्यक्तिको हकमा चाहिँ यो एक्काइस वर्ष र चालिस वर्षको ठाउँमा पच्चिस वर्ष र पचास वर्ष भनेर हामीले हाल्या छौं र हामीले अर्को एउटा महत्त्वपूर्ण यसमा नेपालमा कानुन बन्ने तर त्यो कानुनको चाहिँ अहिले पनि कति लागु भयो अति भएन त्यो कति जनताको पक्षमा देखियो अथवा देखिएन भन्ने सन्दर्भमा कहिले पनि त्यसको मूल्याङ्कन नहुने भएको हुँदाखेरि हामीले ऐन मापन र कार्यान्वयन भनेर चाहिँ पाँच वर्षभित्र ऐनको मापन गरिनुपर्छ । पाँच वर्षभित्रको एक वर्षभित्र पाँच वर्ष पूरा भइसकेपछि एक वर्षभित्र भनेर चाहिँ यो यस्तो खालको हामीले यी खालका हामीले चाहिँ संशोधनहरू हालेका थियौं । त्यसकारण यी संशोधनहरू माननीय मन्त्रीज्यूले स्वीकार गर्नुहुन्छ भन्ने हामीलाई विश्वास लागेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौडयाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**माननीय विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, यो रेल्वे विधेयक, २०७९ मा मैले आठओटा दफामा संशोधनमा प्रस्ताव राखेको छु । पहिलो त मेरो प्रस्तावनामै छ प्रस्तावनामा सुरक्षितस्तरीय नियमित र भारपर्दो सँगसँगै पहुँचलाई सुनिश्चितलाई गर्नको लागि सर्वसुलभ पनि राखौं भन्ने मेरो प्रस्ताव हो । मेरो त्यसै गरी दफा ५ मा छ बोर्डको सञ्चालन समितिमा चाहिँ स्वतन्त्र विज्ञहरूबाट जुन प्रतिनिधित्व हुन्छ । त्यसमा इन्जिनियरिङ विषयलाई मात्रै राखिएको छ । मैले त्यसमा चाहिँ स्वतन्त्र विज्ञहरूमध्ये बाट सार्वजनिक यातायात व्यवस्थापन विषय पढेका अथवा जानेका तथा अनुभव लिएका स्वतन्त्र विज्ञहरूबाट एक जना थप गर्नुपर्छ भनेर दुई जना सदस्य राख्नुपर्छ स्वतन्त्र विज्ञहरूबाट भन्ने कुरा राखेको छु त्यस्तै गरीकन बोर्डको काम कर्तव्य र अधिकारसम्बन्धी दफा छ । दफा ६ नम्बरमा त्यसमा मैले अरू सबै कामहरू सँगसँगै रेल्वे सेवाको सञ्जाल पहुँच गुणस्तर र

समग्र प्रभावकारिताका लागि आवधिक रूपमा अनुसन्धान गर्ने गराउने र रेल्वेसम्बन्धी जनगुनासो सङ्कलन गर्ने अनुसन्धान गर्ने र निराकरण गर्ने संयान्त्रको निर्माण र व्यवस्थापन गर्ने काम पनि यो बोर्डको काम कर्तव्य र अधिकार हुनुपर्छ भनेर प्रस्ताव गरेको छु । त्यसै गरी दफा ७ मा चाहिँ बोर्डको बैठक र निर्णयसम्बन्धी व्यवस्था छ । त्यसमा आकस्मिकतामा बस्नुपर्नेबाहेक चाहिँ बोर्डमा बैठक बस्नुभन्दा कन्तीमा ४८ घण्टाअगाडि खबर गर्ने भनेको रैछ । मैले एक हप्ता समय दिनुपर्छ भनेको छु ।

त्यसै गरी दफा ८ मा चाहिँ बैशाखमा भाग लिन नपाउने कुरा के भयो भने भाग लिन पाउँदैन भन्ने कुरा छ । त्यसमा स्वार्थ बाझिएमा भाग लिन नपाउने बैठकमा भनेर भनेको छ सदस्यहरूले बोर्डको सदस्यहरूले त्यसमा मैले चाहिँ स्वार्थ भए नभएको बोर्डको सदस्यले विषससूची बैठकको विषयसूची प्राप्त गरेपछि स्वघोषणा गर्नुपर्छ । स्वघोषणा नगरीकन कसको स्वार्थ बाझेको छ । कसको स्वार्थ बाजेको छैन । थाहा छैन त्यो भएर त्यो व्यवस्था गर्नुपर्छ भनेर संशोधन राखेको छु । त्यस्तै गरी रेल्वे प्रशासकको नियुक्तिको विषयमा पनि शैक्षिक योग्यता इन्जिनियरिङ मात्रै भनेको मलाई लाग्छ । व्यवस्थापन गरेका मान्छेहरूले पनि प्रशासकको भूमिका राम्रोसँग निर्वाह गर्न सक्छन् । त्यो भएर यसमा चाहिँ शैक्षिक योग्यतामा व्यवस्थापन पनि राखियोस् भन्ने मेरो माग हो र अन्तिममा यो ५८ नम्बरको दफामा चाहिँ रेल्वे प्रशासकको काम कर्तव्य र अधिकारमा फेरि पनि दुइटा कुरा थप गर्नुपर्छ । एउटा चाहिँ रेल्वेको सञ्जाल, पहुँच, गुणस्तर र समग्र प्रभावकारिताको बारेमा आवधिक रूपमा अनुसन्धान गर्ने गराउने र रेल्वेसम्बन्धी जनगुनासोको सङ्कलन गर्ने अनुसन्धान गर्ने निराकरण गर्ने कामको यो चाहिँ रेल्वे प्रशासकले गर्न पर्छ भन्ने मेरो संशोधन हो । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो रेल्वे विधेयक अगिल्लो वर्ष नै हामीले राष्ट्रिय सभाले पारितै गरेर पठाइसकेको थियौं । अब

प्रतिनिधिन सभामा यसको आवश्यक कारबाही हुन सक्दाखेरि त्यो त्यतैकै अल्झियो र पछाडि रेल पनि आइसक्यो तर विधेयक नभ'को अवस्थामा फेरि सरकारले अध्यादेशमार्फत चाहिँ अध्यादेशमार्फत विधेयक ल्याएर चाहिँ त्यसलाई फेरि रेल चलाएको अवस्थाहरू हामीले देखिरहेकै छौं ।

र हामीले अगिल्लो वर्ष नै राष्ट्रिय सभामा विधायन व्यवस्थापन समितिमा दफावार थुप्रै दर्जनौं दफाहरूमा हामीले छलफल गरेर पारित गरेको विधेयकलाई नै धेरै जसो कुराहरू समेटेरै फेरि अध्यादेश आ'को हुनाले केही खुसी पनि लागेको छ । र केही केही कुराहरू फेरि आउँदा आउँदै फेरि छुटेको अवस्था पनि हामीले देखौं त्यही भएर हाम्रो समूहको तर्फबाट माननीय अनिता देवकोटासहित हाम्रो समूहको तर्फबाट केही संशोधनहरू छ । मेरो संशोधन प्रस्ताव पेस गर्न चाहन्छु विधेयकको दफा ९ मा चाहिँ के छ भन्दाखेरि यसले आदेश वा नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्ने भन्ने कुरा छ । माथि चाहिँ हामीले यो संस्था यो बोर्ड चाहिँ स्वायत्त हुनसक्ने भन्ने कुरा यो स्वायत्त संस्था हो भनेर माथि उल्लेखै गऱ्यौं बोर्ड गठन गर्दाखेरि तर फेरि तल आएर हामीले यसलाई चाहिँ ठाउँ ठाउँमा आदेश र निर्दशन दिन सक्ने कुरा लेखेपछाडि यो मिलेन कि स्वायत्त हुन भएन कि आदेश र निर्देशन भएन भन्ने कुरा यो कन्ट्रोभर्सी भ'को हुनाले हामीले यसलाई हटाइयोस् भन्ने हाम्रो एउटा संशोधन प्रस्ताव थियो ।

यसै गरी अर्को चाहिँ हाम्रो दफा २४ मा छ । दफा २४ मा के छ भन्दाखेरि यात्रुहरूलाई रेलले, रेल सेवाले चाहिँ यात्रुहरूलाई इन्कार गर्न सक्ने अस्वीकार गर्ने अथवा यात्रुलाई नलगे पनि पाउने खालको चाहिँ प्रावधानहरू त्यो दफा २४ मा छ । अब हामीले चाहिँ के भन्यौं भने अब त्यो त्यहाँ चाहिँ सङ्क्रमण रोग लागेको अवस्थामा अरू गम्भीर प्रकृतिको के के भनेर भनेर लेख्या छ त्यहाँ । त्यस्तो अवस्थामा चाहिँ त्यस्तो यात्रीहरूलाई नलाने यात्रा गर्न नपाउने भन्ने कुरा चाहिँ त्यो मानव अधिकारको दृष्टिले त्यो ठिक भएन मान्छे अब बिरामी भयो उपचार त गर्नैं पर्यो की रेल चढ्नै पऱ्यो कि बस चढ्नै पऱ्यो जे भए नि एउटा नचढी हस्पिटल पुग्न सकिन्न त्यो कारणले गर्दाखेरि बरु अलगै व्यवस्था अपनाएर त्यहाँ अलगै डिब्बाहरू पनि हुन्छ । अलगै सुरक्षा व्यवस्था अपनाएर त्यसलाई हामीले यात्रा गराउन पर्छ त्यो चाहिँ मानव अधिकारको विषय हो । भनेर त्यहाँ चाहिँ हामीले माथि जे जे लेखेको भए तापनि उपचारका क्रममा यात्रा गर्नुपर्ने जुन सुकै बिरामीलाई अलगै व्यवस्था

गरी यात्रा गराउन बाध्य पर्ने छैन भने प्रावधान हामीले संशोधनमा राख्यौं यसै गरी हाम्रो संशोधनको ५५ नम्बर दफामा के छ भन्दाखेरि त्यहाँ फेरि अब त्यो क्षतिपूर्तिको कुराहरू छ । क्षतिपूर्तिहरू चाहिँ अब रेलको कारणले चाहिँ अथवा यात्र गर्ने क्रममा कोही मान्छे घाइते भयो अथवा मृत्यु भयो भने त्यहाँ क्षतिपूर्तिको व्यवस्थाहरू चाहिँ गरिएको छ । तर फेरि तल आएर अर्को दफामा चाहिँ क्षतिपूर्ति दिन नसकिने कुरा पनि छ त्यहाँ के छ भने त्यसले आत्महत्या गर्ने कोसिस गर्यो अथवा ऊ आफ्नै कारणले उसको मृत्यु भयो अथवा मादक पदार्थ सेवन गरेर उसको मृत्यु भयो त्यहाँ अरू थुप्रै कारण राखिएको छ ।

त्यो कारणले मृत्यु भएमा चाहिँ क्षतिपूर्ति नदिने भन्ने कुरा चाहिँ लेख्या छ । तर चाहि यहाँ यो पनि मानव अधिकारको दृष्टिले अलिकति मिलेन अब त्यो उसले आत्महत्या गरेकै हो कि होइन अथवा ऊ आफ्नै कारणले मरेको हो कि अरू कारणले मृत्यु भ'को के भ'को भन्ने कुराको त पुष्टि हुन पर्यो नि त अब रेल्वे प्रशासक नै बलियो उसले चाहिँ अब ऊ रेलकै कारणले चाहिँ उसको मृत्यु भा' छ । तर यसले चाहिँ सुसाइट गर्न खोज्यो अथवा यसले चाहिँ आफ्नै कारणले यसको मृत्यु भयो भनेर दोस लगाउन पनि सक्छ क्षतिपूर्ति नदिन पनि सक्छ । त्यहीं भएर त्यस्तो अवस्थामा त्यस्तो पुष्टि त्यस्तै यात्री चाहिँ घाइते भएमा अथवा मृत्यु भएमा त्यो चाहिँ अनुसन्धानबाट प्रमाणित वा पुष्टि हुनुपर्छ भन्ने कुराको हामीले संशोधन थप राखेका छौं ।

र यसै गरी अन्तिममा दफा चाहिँ ७८ मा के छ भन्दाखेरि यो अहिले सार्वजनिक रेलदेखि लिएर फ्लाइटहरूमा पनि यो अपाङ्गता भएका व्यक्तिहरूलाई महशुलमा, त्यो भाडा दरमा चाहिँ सहुलियत छ छुटहरूको व्यवस्था छ । तर यो रेल्वे भर्खर भर्खर नेपाल यो लागु गर्दै छौं । हामीले पनि यसको विधेयकहरू बनाउँदै छौं भने ती सबै ठाउँमा चाहिँ छुट पाइरहेका छ तर यहाँ किन छुट नपाउने भनेर यसलाई पनि मानव अधिकारको दृष्टिले सहुलियतका दृष्टिले चाहिँ अपाङ्गता भएका व्यक्तिहरू र अरू असक्त व्यक्तिहरूको हकमा पनि तिनीहरूलाई भाडा दरमा पूरै छुट हुन सकोस् अथवा सहुलियत हुन सकोस् भनेर संशोधन राखेका छौं । हाम्रो यो संशोधन प्रस्तावलाई माननीय मन्त्रीज्यूले हाम्रो संयुक्त संशोधन..... हाम्रो यो अनिता देवकोटासहित मेरो यो हाम्रो यो संयुक्त संशोधन प्रस्तावलाई माननीय मन्त्रीज्यूले स्वीकार गर्नुहुने छ भन्ने अपेक्षा राख्दछु ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म "रेल्वे विधेयक, २०७९" को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, "रेल्वे विधेयक, २०७९ माथि सदनमा दफावार छलफल गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन अन्य माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवलाई दफावार छलफलमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूले प्रस्तुत गर्नुभएका संशोधन प्रस्तावहरूका सम्बन्धमा उठेका प्रश्नहरूको आवाज दिन समय उपलब्ध गराउँछु ।

**माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादव**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरूले राख्नुभएका संशोधन प्रस्तावसहित भएका छलफललाई मध्यनजर गरी निश्चित रूपमा माननीय साथीहरूको केही समितिमा पनि धेरै छलफल भएर आएका विधेयकमा केही शब्दहरू तल माथि र केही सानोतिनो शब्द पनि छुटेको कारणले यसलाई चाहिँ त्यसमा समावेश गर्नको लागि म माननीयज्यूहरूलाई उठाउनुभएका कुराहरूमा अलिकति ध्यानाकर्षण गराउन चाहन्छु ।

विधेयकको दफा १ को उपदफा (१) मा ऐनको नाम सुरुमा नै "नेपाल" छुटेको थियो निश्चित रूपमा हाम्रो देशमा रेल चल्दाखेरि कुन देशको रेल हो भनेर त्यसमा "नेपाल" भन्ने शब्द थप्ने चाहिँ हामीले यसलाई साथीहरूले यो गरेको कारणले स्वीकार गर्न चाहन्छु । त्यस्तै दुई नम्बर विधेयकको दफा २ खण्ड (ज) मा रहेको "भौतिक पूर्वाधार तथा यातायात भन्ने शब्दहरूको सट्टा नेपाल सरकारको रेल्वे विषय हेर्ने" भन्ने शब्दहरू राख्ने किनभने भविष्यमा यो रेल मन्त्रालय नै हुन सक्ने अवस्था छ कानुन बनाउँदाखेरि दुरदर्शी किसिमले बनाउनुपर्ने अवस्था भएको कारणले यसमा नेपाल सरकारको रेल्वे विषय हेर्ने नै भन्ने शब्दहरू राख्ने चाहिँ प्रयास गर्ने छु ।

त्यस्तै तीन विधेयकको दफा ५ को उपदफा (२) को एक खण्ड (क) को सट्टा देहायको खण्ड (ख) राख्ने "(क) नेपाल सरकारको रेल्वे विषय हेर्ने मन्त्री वा राज्यमन्त्री" कहिलेकाहीँ मन्त्री नहुँदाखेरि राज्यमन्त्रीले अध्यक्षता गर्ने खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्ने "मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर एकाउन्टेन्ट वाणिज्य व्यवस्थापन वा यातायात व्यवस्थापन विषयमा कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरेका र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा एक जना महिलासहित दुई जना सदस्य" चौथो नम्बर विधेयकको दफा ८ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछि उपदफा क्रम मिलाउने" बैठकमा छलफल हुने विषयको सूची प्राप्त भएपछि बोर्डको अध्यक्ष वा कुनै सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष स्वार्थ रहेको विषय भएमा त्यस्तो स्वार्थ रहेको कुराको स्वघोषणा गरी आफू उक्त बैठकमा भाग नलिने जानकारी बोर्डको सदस्य सचिवलाई गराउनुपर्ने छ ।"

त्यस्तै पाँच नम्बर विधेयकको दफा ९ को उपदफा (४) मा रहेका "कुनै खास व्यक्ति वा वर्गले तिर्नु, बुझाउनु नपर्ने छुट दिन सक्ने छ" भन्ने शब्दहरूको सट्टा "अपाङ्गता भएका व्यक्ति कुनै खास व्यक्ति वा तोकिएबमोजिमका समूहका व्यक्तिले तिर्न, बुझाउन नपर्ने वा कम तिर्नुपर्ने गरी छुट वा सहुलियत दिन सक्ने छ" भन्ने शब्दहरू राख्ने ६ नम्बर विधेयकको दफा ५५ को उपदफा (२) मा रहेका "यात्री घाइते भएमा" भन्ने शब्दहरूको सट्टा "यात्री घाइते भएको पुष्टि भएमा" भन्ने शब्दहरू राखी सोही उपदफाको खण्ड (क) मा रहेको गरेमा भन्ने शब्दको सट्टा गरेको भन्ने शब्द राख्नुपर्ने छ । विधेयकको दफा ७८ पछि देहायको दफा ७९ थपी त्यसपछिका दफा क्रम मिलाउने" ७९. ऐन कार्यान्वयनमा मापन यो ऐनमा प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्ने छ । र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नुपर्ने छ ।"

सम्माननीय अध्यक्ष महोदय, छलफलमा माननीय सदस्यहरूले राख्नुभएका विषयवस्तुहरूमध्ये रेल्वेसम्बन्धी गुनासो सुन्ने तथा त्यसको तत्काल सम्बोधन गर्ने संयन्त्र बनाउनुपर्ने आवश्यकता देखिएकोमा त्योलगायतका विषयसमेत रेल्वे बोर्डको काम, कर्तव्य र अधिकारमा थप गर्नुपर्ने भनिराख्नुभएका विषयलाई नियमावलीबाट सम्बोधन गर्न सक्ने संशोधनहरूलाई नेपाल सरकार ऐन कार्यान्वयन गर्नका लागि बनाउने नियमावलीमा समावेश

गर्ने छ । केही शब्दहरू जुन छुटयाछ हामी नियमावलीबाट त्यो गर्नुपर्ने छ । किनभने रेल्वे विधेयक चाहिँ हाम्रो लागि आवश्यक पनि छ । रेल चलिसकेको छ र टाइम कम भएको कारणले केही कुराहरू पछि पनि नियमावलीबाट मिलाउने चाहिँ प्रयास पनि गर्छु र माननीय सदस्यहरूले संशोधन राख्नुभएकोमा केही शब्दहरू सुधार गरेर यसलाई परिमार्जित गर्दै स्वीकार गर्दै माननीय सदस्यहरूलाई म आग्रह गर्न चाहन्छु । यो रेल्वे विधेयकलाई पास गर्दिन हुनका लागि मेरो हार्दिक अनुरोध र आग्रह छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "रेल्वे विधेयक, २०७९ माथि सदनमा दफावार छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "रेल्वे विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब म "रेल्वे विधेयक, २०७९" माथि संशोधन प्रस्ताव पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल चाहिँ रेल चल्ने कुरा सपनामात्रै हो वा कल्पना हो वा वास्तविकता हो भन्ने विषयमा अहिले पनि अन्योलता छ एउटा विषय यो । अर्को भनेको यो विधेयक प्रस्तुत गर्नुभन्दा अगाडि हाम्रो दल ने.क.पा. एमालेका अध्यक्ष कम्रेड के.पी. शर्मा ओलीले नै परिकल्पना गरेर यो रेलको परिकल्पना गरेर नेपालमा रेलको सञ्जाल निर्माण गर्ने र रेल सञ्चालन गर्ने भन्ने विषय उठेको हो र त्यस सन्दर्भमा बहस पनि चलेको हो । तेस्रो कुरो सार्वजनिक सवारीसाधनहरूमध्ये सबैभन्दा सहज किफायती र आरामदायी साधन रेल नै भएकोले यो रेल्वे सञ्जाल निर्माण गरेर जनतालाई सहुलियत उपलब्ध गराउनु हाम्रो कर्तव्य हो र हामी विधायकहरू पनि कर्तव्य हो ।

त्यसकारण यहाँ मन्त्रीज्यूले हामीले राखेको संशोधनका थुप्रै कुराहरू स्वीकार पनि गर्नुभएको छ । त्यसकारण हामीले यो रेल्वे विधेयकलाई पारित गर्ने र बाँकी रहेका जति कुरा पनि वाहाँले स्वीकार गर्नुभएको छ । स्वीकार गर्नुभएको विषयलाई त्यहाँ राखिने छ र त्यसको लागि हाम्रो दलको तर्फबाट धन्यवाद पनि दिन चाहन्छौं । हाम्रो समूहको तर्फबाट धन्यवाद पनि दिन चाहन्छौं । र बाँकी रहेका जति पनि कुराहरू छन् । ती कुराहरूलाई यो रेल्वे विधेयकमा आएका, हामीले राखेका कुराहरू हामी ती थप्नै कुराहरू थपिने छन् । र अरू बाँकी रहेका विषयहरूलाई हामी एकमुस्ट फिर्ता लिन चाहन्छौं । हस् त धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहालले "रेल्वे विधेयक, २०७९" को दफा १, २, ५, ६, ९, १७, १८, ५६ र ८९ का विभिन्न उपदफाका सम्बन्धमा पेस गर्नुभएका संशोधन प्रस्तावमध्ये माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवले स्वीकार गर्नुभएका संशोधन प्रस्तावबाहेक अन्य संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म "रेल्वे विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौडयाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, हिजो हामीले संशोधनकर्ताहरू र भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूसँग बसेर निकै लामो छलफल गरेका थियौं त्यो छलफल प्रस्ताव आज मन्त्रीज्यूले यहाँ प्रस्तुत गर्नुभएको जुन टिप्पणी छ अगिको त्यसमा चाहिँ वाहाँले मैले उठाएका धेरै संशोधनहरू सम्बोधन गर्नुभएको छ त्यसैले म माननीय मन्त्रीज्यूलाई हार्दिक धन्यवाद पनि प्रकट गर्न चाहन्छु । त्यहाँ सम्बोधन नभएको जनगुनासोको संयन्त्र बनाउने जुन कुरा छ । त्यसमा पनि वाहाँले चाहिँ म नियमावलीमा यसलाई राखेर ल्याउँछु भनेर प्रतिवद्धता पनि जाहेर गर्नुभएको छ त्यो भएर मैले अब सम्बोधन गर्न छुटेका केही शब्दहरू छन् भने त्योसम्बन्धी चाहिँ मैले संशोधन

फिर्ता लिन्छु । सम्बोधन गरिसक्नुभएकोमा माननीय मन्त्रीज्यूलाई म एकदमै धेरै धन्यवाद पनि दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संशोधन प्रस्तावकर्ता माननीय सदस्य डा. विमला राई पौडयालले "रेल्वे विधेयक, २०७९" को प्रस्तावना र दफा ३, ५, ६, ७, ८, ५६ र ५८ का विभिन्न उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्तावमध्ये माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवले स्वीकार गर्नुभएका संशोधन प्रस्तावबाहेक अन्य संशोधन प्रस्तावहरू फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म "रेल्वे विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूले रेल्वे विधेयकका हाम्रा संयुक्त संशोधन अनिता देवकोटासहित हाम्रो यो संशोधनका धेरै कुराहरूलाई स्वीकार गर्नुभएको छ म वाहाँलाई धन्यवाद पनि दिन चाहन्छु । र यसै गरी केही बाँकी रहेका कुराहरू लागि पछाडि नियमावलीमार्फत भए पनि अरू ठाउँहरूमा सम्बोधन गर्ने कुराको पनि कमिट्मेन्ट आ'को छ । त्योकारणले गर्दा मन्त्रीज्यूले स्वीकार गर्नुभएका विषयहरू भइहाल्यो त्यसबाहेकका बाँकी संशोधनलाई चाहिँ फिर्ता लिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थले "रेल्वे विधेयक, २०७९" को दफा ९, २४, ५५, र ७८ का विभिन्न उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्तावमध्ये माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवले स्वीकार गर्नुभएका संशोधन

प्रस्तावबाहेक अन्य संशोधन प्रस्तावहरू फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ९० सम्मका दफाहरू र माननीय भौतिक पूर्वाधारण तथा यातायात मन्त्री रेनुकुमारी यादवले स्वीकार गर्नुभएका संशोधन प्रस्तावहरू "रेल्वे विधेयक, २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसार्थ विधेयकको दफा २ देखि ९० सम्मका दफाहरू र माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवले स्वीकार गर्नुभएका संशोधन प्रस्तावहरू सर्वसम्मतिले "रेल्वे विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

<u>**प्रस्तावना**</u>ः नेपालमा रेल्वेको विकास र विस्तार गर्न तथा सुरक्षित स्तरीय नियमित र भरपार्दो रूपमा रेल्वे सेवाको सञ्चालन गर्ने गराउने सम्बन्धमा तत्कालन कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u>ः (१) यस ऐनको नाम "रेल्वे ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, "रेल्वे विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसार्थ रेल्वे विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवलाई "रेल्वे विधेयक, २०७९ पारित गरियोस्" भन्ने समय उपलब्ध गराउँछु ।

**माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादव**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षको अनुमतिले "रेल्वे विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, "रेल्वे विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसार्थ "रेल्वे विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असार २० गते सोमवार १ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल असार २० गते सोमवार १ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १२:२३ बजे**